STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

महिला अधिकारलाई नारामा
मात्र होइन,
व्यवहारमा परिणत गरौं।
अन्तर्राष्ट्रिय नारी दिवस
भव्यरुपमा मनाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २३ ❑ अङ्क ४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागन १२ गते बिहीबार ❑ 24 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## अन्तर्राष्ट्रिय र क्षेत्रीय सुरक्षा वातावरणमा आएको सानो परिवर्तनले असर पर्नसक्छ – प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं ११ फागुन**

प्रधानमन्त्री एवं रक्षामन्त्री शेरबहादुर देउवाले देशको संवेदनशील भू-राजनीतिक अवस्थितिका कारण अन्तर्राष्ट्रिय र क्षेत्रीय सुरक्षा वातावरणमा आएको सानो परिवर्तनले समग्र सुरक्षा क्षेत्रमा असर पर्ने भएकाले सचेत रहन निर्देशन दिनुभएको छ।

महाशिवरात्रि एवं सेना दिवसका अवसरमा सैनिक मुख्यालय जङ्गी अड्डामा आयोजित दुईदिने कमाण्ड सेनापति समन्वयात्मक बैठकको शुभारम्भ गर्दै उहाँले अन्तर्राष्ट्रिय र क्षेत्रीय सुरक्षामा आएको सानो परिवर्तनले देशको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा असर पर्नसक्नेतर्फ ध्यानाकर्षण गराउनुभयो। राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको कुशल सञ्चालनमार्फत भविष्यमा उच्चस्तरीय जनशक्ति र विशेषज्ञ उत्पादन हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री देउवाले मुलुकको आर्थिक विकासमा रणनीतिक महत्व राख्ने काठमाडौं-तराई-मधेस द्रुतमार्गलगायतकाविभिन्नराष्ट्रिय सडक करिडोरको निर्माणमा सेनाले पुर्‍याएको योगदानको प्रशंसा गर्नुभयो।

मुलुकका सडक पूर्वाधार आयोजना समयमै सम्पन्न गर्न सेना सक्षम रहेको उल्लेख गर्दै उहाँले सेनाको पहलकदमीमा स्थापना हुन लागेका आयोजनामा आवश्यक स्रोतसाधनको अभाव हुन नदिने दृढता व्यक्त गर्नुभयो। उहाँले 'बङ्करदेखि ब्यारेक' कार्यक्रम यथाशीघ्र सम्पन्न गरी सेनाका सकलदर्जाका लागि उचित कार्य वातावरण सुनिश्चित गर्नसमेत सरकार प्रतिबद्ध रहेको बताउनुभयो। प्रधानमन्त्री एवं रक्षामन्त्री देउवाले महाशिवरात्रि तथा सेना दिवसको पूर्वसन्ध्यामा स्वदेश तथ विदेशमा कार्यरत सेनाका सकलदर्जामा सुख, शान्ति, समृद्धि र सु-स्वास्थ्यका लागि शुभकामना व्यक्त गर्नुभएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। प्रधानसेनापति प्रभुराम शर्माले नेपाली सेना जस्तोसुकै परिस्थितिमा पनि संविधानप्रदत्त जिम्मेवारी निर्वाह गर्न र नेपाल सरकारका विधिसम्मत आदेश अक्षरशः पालना गर्न कटिबद्ध रहेको बताउनुभयो।

## त्रिवेणीको विकासका लागि प्रदेश सरकारको 'विशेष प्याकेज'

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ फागुन**



माघको दोस्रो साता गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल मन्त्रीसहितको टिम लिएर सिंहदरबार पुगे। माघ १६ मा प्रधानमन्त्री शेरबहादुर देउवासँग भेटेर अलपत्र आयोजनका लागि बजेट थपिदिन आग्रह गरेका उनी त्यसको भोलिपल्ट अर्थात् १७ गते ३ मन्त्रीसँग भेटघाट गरे। भेटघाटको उद्देश्य थियो, प्रदेशले प्राथमिकतमा राखेका तर अगाडि बढ्न नसकेका योजनाको गाँठो फुकाउने।

मन्त्रीमात्र होइन उनी सचिवको कार्यकक्षमा समेत पुगे। भाषणमा धेरैपटक भनिएको, नागरिकलाई धेरैपटक आश्वासन बाँडिएको दुम्कीवास त्रिवेणी सडक खण्डको ट्रयाक अब जसरी पनि खोल्नुपर्छ भन्ने लागेर मुख्यमन्त्री वन तथा वातावरण सचिव पेमनारायण कँडेलकै कोठामा पुगे। ४ वर्षदेखि थन्किएको मोटो फाइल सचिव कँडेलले देखाए। जहाँनेर गाँठो परेको थियो, त्यसलाई फुकाउन यसअघि भाषणमा भनेजस्तो पहल बेलीविस्तार सचिवले सुनाए। मुख्यमन्त्री पोखरेलले स्थानीय नागरिकको भावना मात्र होइन, प्रदेशको समृद्धिसँग जोडिएको यो मार्गको खुलाउन काम तुरुन्तै गर्न आग्रह गरे अनुसार सचिव कँडेलले वन तथा वातावरण मन्त्री रामसहाय यादवसँगको सल्लाहमा फाइल अगाडि बढाए। डिपिआरको काम तुरुन्तै सुरु गर्न सडक विभागलाई लेखी पठाउने, वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका पालना गर्ने र चितवन निकुन्जको मध्यवर्ती क्षेत्रमा पर्ने भएकाले यसका लागि युनेस्कोसँग आग्रह गर्ने गरी सचिवस्तरीय निर्णय त्यही दिन भयो। अनि बल्ल ढुक्क भए मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल। मिडियाकर्मीले मुख्यमन्त्री भएर पनि आफै सिंहदरबार धाउने ? भन्ने प्रश्न गर्दा उनले भनेका थिए, प्रदेशको हितमा हुने कामका लागि सिंहदरवार धाउनु के नौलो भयो र ? कोरला त्रिवेणी सडक अन्तर्गत ट्रयाक खुल्न बाँकी खण्डको अवरोध खुल्ने निश्चित भएपछि मात्रै मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल अर्थमन्त्री रामजीप्रसाद बराल जीवनलाई लिएर गत साता त्रिवेणी पुगे। साथमा थिए प्रमुख सचिव रवीलाल पन्थ र अर्थसचिव वैकुण्ठ अर्याल। मुख्यमन्त्री पोखरेलले मुख्यमन्त्री भएलगत्तै आफू त्रिवेणी आउन चाहे पनि निकुन्जकै कारण ट्रयाक खुल्ने सुनिश्चित नहुँदासम्म असजिलो लागेर नआएको बताए। गजेन्द्र मोक्षधाममा आयोजिक कार्यक्रममा उनले भने,'हामी प्रतिपक्षमा हुँदा पनि बारम्बार उठाएको सबाल थियो, सरकारमा आएपछि झन् जिम्मेवारी नै हाम्रो भयो, अब गाँठो फुकेपछि तपाईंहरु सामु आएर बोल्न पनि सजिलो भयो।' गण्डकी प्रदेशको 'लाइफलाइन' त्रिवेणी कोरला सडकको त्रिवेणी दुम्कीवास खण्ड १९ किलोमिटरमध्ये ८ किलोमिटर खण्ड चितवन राष्ट्रिय निकुन्जको केही भाग र मध्यवर्ती क्षेत्र पर्ने भएकाले काम अगाडि बढ्न सकेको थिएन। चितवन राष्ट्रिय निकुन्ज विश्व सम्पदा सूचीमा सूचीकृत भएकाले त्यहाँ विकासको कामका लागि युनेस्कोको स्वीकृत लिनुपर्ने हुन्छ। बाटोको पहुँच नहुँदा विनयी त्रिवेणीको ६ र ७ नम्बर वडाका बासिन्दा पालिका कार्यालय पुग्न लुम्बिनी प्रदेशको बर्दघाट हुँदै जानुपर्ने वाध्यता छ। गण्डकी प्रदेशलाई भारतसँग जोड्न नाका भएको र त्यही अनुसार विकास हुने विश्वासमा यस क्षेत्रलाई गण्डकी प्रदेशमा राख्न सहमत भएको तथ्यलाई आफूले स्मरण गरिरहेको भन्दै अब छिटै नै २ वडाको विकासका लागि 'विशेष प्याकेज' घोषणा गर्ने प्रतिबद्धता जनाए। उनले भने, 'भन्सारको स्तरोन्नती, शिक्षा, सडक, स्वास्थ्य मात्र नभएर पर्यटनको क्षेत्रमा पनि धेरै गर्नुपर्ने छ, यसका लागि हामी विषेष प्याकेज नै बनाउँदैछौं।' त्रिवेणीको विकासकै लागि प्रदेश सरकारले गजेन्द्र मोक्षधाम धार्मिक क्षेत्र विकास समिति गठन गरेको जानकारी मुख्यमन्त्री पोखरेलले गराए। गजेन्द्रमोक्ष धाममा अहिले पनि दैनिक १ हजारदेखि १५ सय धार्मिक पर्यटक आउने गरेको भन्दै मुख्यमन्त्री पोखरेलले सडकमार्ग विस्तार र पूर्वाधार विकास गर्न सके यसले व्यापकता पाउने भनाइ राखे। अर्थमन्त्री रामजीप्रसाद बराल जीवनले त्रिवेणीको विकासका लागि मुख्यमन्त्रीले झकझकाइरहेको भन्दै प्रदेशको क्षमता अनुसार प्याकेज घोषणा गरिने प्रतिबद्धता जनाए। उनले भने, 'त्रिवेणीका बासिन्दालाई हामी गण्डकी प्रदेशभित्रकै हौं भन्ने अनुभूति दिलाउनुछ, हामी त्यही अनुसार तयारीमा जुटेका छौं।' विनयी त्रिवेणी गाउँपालिकाका अध्यक्ष डम्बरबहादुर जिसीले पालिकाका २ वडाले विद्रोह नै गरेर लुम्बिनीमा गाभिनु पर्ने अवस्था रहेको भन्दै अब त्यो अवस्था नआउने बताए। 'हामीले मागेको भनेकै बाटो हो, हुन त धेरै समस्या हामीसँग छन्, तर पनि बाटो खुल्यो भने धेरै असन्तुष्टि कम हुन्छ, अरु विकास त विस्तारै गर्दै जाने हो।' वडा नम्बर ६ का वडाध्यक्ष पितमबहादुर गुरुङले बाटो नभएकै कारण त्रिवेणीका जनताले सास्ती खेप्नु परेको र अब त्यो अवस्था अन्त्यका लागि प्रदेश सरकारले गरेको पहलले स्थानीय उत्साही भएको भनाइ राखे। वडा नम्बर ७ का वडाध्यक्ष गोपालबहादुर क्षेत्रीले बर्खामा मात्र होइन हिउँदमा पनि आवतजावत गर्न गाह्रो रहेको अवस्थामा अब दुम्कीवासबाट ट्रयाक खुलेपछि धेरै सजिलो हुने बताए। मुख्यमन्त्रीसहितको टोलीले उक्त अवसरमा सिमानाकामा पुगेर गण्डक बाँध र छोटी भन्सार अवलोकन गरेको छ।

## प्रचण्ड र ओलीसँग गृहमन्त्री खाँणको भेटवार्ता

**रासस**
**काठमाडौं ११ फागुन**

संसद्मा टेबल गरिएको अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) अनुमोदन गर्नेलगायत विषयमा विचार-विमर्श गर्न गृहमन्त्री बालकृष्ण खाँणले आज बिहान सत्ता साझेदार दल नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र प्रमुख प्रतिपक्षी दल नेकपा(एमाले)का अध्यक्ष केपी शर्मा ओलीसँग भेटवार्ता गर्नुभएको छ।

गृहमन्त्री खाँणले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग उहाँकै निवास खुमलटार र एमाले अध्यक्ष ओलीसँग बालकोटमा पुगी भेटवार्ता गर्नुभएको गृहमन्त्रीको सचिवालयले पुष्टि गरेको छ। भेटका अवसरमा उहाँहरूबीच मुलुकको समसामयिक राजनीतिक परिस्थिति, प्रतिनिधिसभाको गतिरोध खुलाउने र एमसिसी अनुमोदन गर्नेलगायत विषयमा विचार-विमर्श भएको बताइएको छ। प्रतिनिधिसभामा यही फागुन ८ गते एमसिसी प्रस्तुत भएपछि सत्तारूढ दल र प्रतिपक्षी दलहरूबीच त्यसलाई पारित गराउन घनिभूत छलफल भइरहेको छ।

एमसिसी सम्झौताअनुसार यही फागुन १६ गतेभित्र संसद्बाट अनुमोदन गर्नुपर्ने समय निर्धारित छ। सरकारले सो अवधिभित्र अनुमोदनका लागि सबै राजनीतिक दलको सहमति जुटाउने प्रयास जारी राखेको छ।

## थप ३१२ मा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, ११ फागुन**

देशभर पछिल्लो २४ घण्टामा थप ३१२ जनामा कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण पुष्टि भएको छ। थप दुई जनाले ज्यान गुमाएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय आठ हजार ६९३ को परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या नौ लाख ७६ हजार ३६१ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या एक लाख ३८ हजार ९७१ रहेको छ। हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९३० पुगेको छ भने पछिल्लो २४ घण्टामा थप दुई जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। सङ्क्रमणबाट हुने मृत्यु दर १.२ प्रतिशत रहेको छ। त्यसैगरी पछिल्लो समय एक लाख ३५ हजार ७९० ले खोप लगाएको पनि मन्त्रालयले जानकारी दिएको छ।

## गणस्तरीय शिक्षाको खाँचो–उपसभामुख शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा ११ फागुन**

गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले गुणस्तरीय शिक्षाका लागि शिक्षक, अभिभावक र विद्यार्थीको त्रिकोणात्मक प्रयास आवश्यक हुने बताउनु भएको छ।

पोखरा महानगरपालिका वडा नं. ९ वसपार्कस्थित सहारा आधारभूत विद्यालयको २५ औ वार्षिकोत्सवका अवसरमा नवनिर्मित पक्कि भवनको आज उद्घाटन गर्दै उहाँले सामुदायिक विद्यालयमा राज्यको लगानी अनुसार प्रतिफल प्राप्त हुन नसकेको बताउनुभयो।



सामुदायिक विद्यालयक भौतिक पूर्वाधारमा सम्पन्न भएपनि शैक्षिक गुणस्तर कायम हुनु नसकेको उल्लेख गर्दै उपसभामुख शर्माले यसका लागि राज्यका तीनै तहका सरकार जिम्मेवार भएर लाग्नु पर्नेमा जोड दिनुभयो। राष्ट्रिय पुनर्निर्माण प्राधिकरण आयोजना कार्यान्वयन इकाईको ७७ लाख १० हजारको लागतमा दुई तल्ले चार कोठे भवन निर्माण सम्पन्न गरिएको हो। विद्यालयमा हाल दुई सय ६१ जना छात्रछात्रा अध्ययनरत छन्। कार्यक्रममा शिक्षा निर्देशक धनश्याम पौडेलले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न सवै पक्षको साथ र सहयोग आवश्यक पर्ने बताउनुभयो। गैसस महानसंघ केन्द्रीय अध्यक्ष रामप्रसाद सुवेदीले श्रमजिवी वर्गका वालवालिकाको अध्ययनको थलोको रुपमा परिचित सामुदायिक विद्यालयको शैक्षिक उन्नयनका लागि शिक्षकको भूमिका महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो। प्रधानाध्यापक लोचना अधिकारले विद्यालयको बार्षिक प्रतिवेदन प्रस्तुत गर्दै शिक्षा महाशाखा एवम् डायल नेपालद्धारा व्यवस्था गरिएको दिवाखाजा कार्यक्रले विद्यार्थीको संख्यामा बृद्धि गर्न सहयोगि बनेको बताउनुभयो। विद्यालयको भौतिक एवम् शैक्षिक क्षेत्रमा सहयोग गर्नुहुने नन्दराम गिरी, पूर्णबहादुर गुरुङ, गैससका केन्द्रीय अध्यक्ष रामप्रसाद सुवेदी, विक्रम थकालि, केशवबहादुर थापा, निर्माण व्यवसायि लिलकाजी गुरुङ, रुपा केसी, दुर्गा बहादुर गुरुङ, पूर्णकुमार श्रेष्ठ, विद्यालयका प्रधानाध्यापक लोचना अधिकारी, प्रेमबहादुर गुरुङ, सुरज परियार, रामप्रसाद पौडेललाई कदरपत्रले सम्मान गरिएको थियो। कार्यक्रममा विद्यालयका छात्रछात्राले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विरगंजमा जाउँ है पोखरा अभियान

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ फागुन**

आन्तरिक पर्यटन पुनःउत्थानको लक्ष्यसहित गत आइतबारबाट सुरु भएको यसबर्षको जाउँ है पोखरा अभियान सफलतापूर्वक सम्पन्न भएको छ।

बुटवल, हेटौंडा र विरगंज लगायतका शहरहरुलाई समेटेर संचालन गरिएको अभियान अन्तर्गत आन्तरिक पर्यटनको विकासका लागि व्यावसायिक सहकार्य र पर्यटन प्रबर्द्धनको पक्षमा जोड दिइएको थियो।

आन्तरिक पर्यटन नै दिगो पर्यटनको आधारको रुपमा बुझ्रेर संघले अभियान संचालन गरेको संघका अध्यक्ष लक्ष्मण सुबेदीले जानकारी दिए । अभियानको क्रममा खासगरी नेपाली नयाँ बर्षका अवसरमा आयोजना गरिंदै आइएको फेवा नवबर्ष महोत्सवमा सहभागिताका लागि उल्लेखित



शहरका वासिन्दालाई छलफल र अन्तरक्रिया आयोजना गरी निमन्त्रणा प्रदान गरिएको अध्यक्ष सुबेदीले बताए । महोत्सवका अवसरमा होटलका कोठामा ३० प्रतिशत छुट प्रदान गरिने पनि उनले जानकारी गराए।

दुई दशक अघि द्वन्द्वकालमा सुरु गरिएको जाउँ है पोखरा अभियानले सकारात्मक प्रभाव पारेको जनाउँदै अभियानका संयोजक एवं संघका निवर्तमान अध्यक्ष विकल तुलाचनले सधैं कोभिड १९ भनेर बस्नुभन्दा मारमा परेको पर्यटन व्यवसायलाई विस्तारै पुनर्जागृत गर्दै चलायमान बनाउने उद्देश्य अनुरुप आफूहरु प्रचारमा निस्किएको स्पष्ट पारे।

यही अवसरमा प्रदेश नम्बर २ को औद्योगिक तथा व्यापारिक शहर विरगंजमा बुधबार आयोजित कार्यक्रममा व्यवसायी गणेशप्रसाद लाठले पोखराले पर्यटकको चाहाना अनुसार सेवा सुविधा विकास, विस्तार र परिस्कृत गर्दै अगाडि बढ्नुपर्ने सुझाव राखे । अर्का व्यवसायी अनिल अग्रवालले ठूला दरका भारतीय नोट बोक्न पर्यटकलाई नेपालमा छुट हुने वातावरण सिर्जना गर्नुपर्ने भनाई राखे । आयोजक संघका सल्लाहकार वच्चुराम तिवारीले व्यवसायिक एकता र पर्यटनमा सहकार्य आबश्यक भएको भन्दै प्रतिस्पर्धी बजारलाई चिनेर अगाडि बढ्नुपर्ने बताए। पत्रकार श्याम बंजराले पनि सो अवसरमा भनाई राखेका थिए।

नेपाल पर्यटन बोर्डको प्रबर्द्धनमा भएको कार्यक्रममा अभियानका परिकल्पनाकार एवं होटल संघ नेपालका केन्द्रिय सदश्य विप्लव पौडेल, अर्का केन्द्रिय सदश्य एवं होटल संघ नेपाल पोखराका सल्लाहकार भरतराज पराजुली र होटल संघ नेपाल पोखराका सल्लाहकार हरिशर्मा गैह्रे लगायतका महानुभावको सहभागिता थियो । कार्यक्रमको संचालन संघका महासचिव राजेन्द्र ढकालले गरेका थिए।

# सूचनाको हकसम्बन्धी विधेयक उपर अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ फागुन**

गण्डकी प्रदेश सरकारले ल्याउन लागेको सूचनाको हक प्रचलन गराउने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रारम्भिक मस्यौदा उपर अन्तरक्रिया गरिएको छ।

मंगलबार कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्रालय गण्डकी प्रदेशले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा उपस्थित विभिन्न सरोकारवालाहरुले संघीयताको मर्मानुसारको विधेयक ल्याउन सुझाव दिएका छन्।

कार्यक्रममा बोल्दै कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले विधेयकका विषयमा सबैबाट सकरात्मक सुझाव आएको र त्यसलाई परिमार्जन गरी संसदमा पेश गर्ने बताउनुभयो । उहाँले नागरिकको हितबमोजिम सूचना सम्बन्धी विधेयक ल्याउन आफु प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो । 'तपाईहरु ढुक्क हुनुहोस्, नागरिक अधिकार कुण्ठित नहुने गरी विधेयक ल्याउँछौं । यहाँहरुबाट आएका सुझावहरु सकरात्मक छन्। जसलाई मनन गर्दै परिमार्जित समेत गरिनेछ।'

मन्त्रालयका सचिव धर्मराज कुईकेलले अन्तरक्रिया कार्यक्रम प्रभावकारी भएको उल्लेख गर्नुभयो। विधेयकमा भएका त्रुटिहरुलाई सच्याउनका लागि नै मन्त्रालयले कार्यक्रमको



आयोजना गरेको जानकारी उहाँले गराउनुभयो । मन्त्रालय संघीय कानूनसँग नबाझिने गरी कानून निर्माण गर्न तर्फ प्रतिबद्ध रहेको भनाई उहाँको छ । उठेका सबै जिज्ञासालाई सम्बोधन हुने गरी विधेयक ल्याइने सचिव कुईकेलले बताउनुभयो। अधिवक्ता विष्णु प्रसाद अधिकारीले कानून कार्यन्वयन हुनुपर्नेमा जोड दिनुभयो। नागरिक अझै पनि सूचनाबाट वञ्चित भइरहेको र पाउनुपर्ने सूचना नपाइरहेको गुनासो उहाँको थियो। प्रदेश सरकारले प्रदेश भित्रका नागरिकको हित बमोजिमको विधेयक ल्याउनुपर्ने उहाँले बताउनुभयो । पत्रकार शिवराज बास्ताकोटीलेसूचनाअधिकारीहरुबाट नागरिकले सही सूचना नपाउँदा समस्या खेप्नुपरेको बताउनुभयो । उहाँलेप्रदेशसरकारलेल्याउनलागेको सूचना सम्बन्धी विधेयक नागरिक अधिकारलाई कुण्ठित गर्न नहुने गरी ल्याउनुपर्ने आवश्यकता रहेको बताउनुभयो। लेख्न, पढ्न नजान्नेले समेत सूचना प्राप्त गर्न सक्ने गरी विधेयक ल्याउनुपर्ने सुझाव उहाँको छ । पृथ्वीनारायण क्याम्पसका कानून विषयका प्राध्यापक अमृत खरेलले कानून मन्त्रालयले छलफलमा ल्याएको सूचनाको हक प्रचलन गराउने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा भाषागत त्रुटि भएकाले सच्याउनुपर्ने आवश्यकता रहेको उल्लेख गर्नुभयो । उहाँले यसका लागि भाषागत विशेषज्ञलाई समेत राख्नुपर्ने सुझाव दिनुभयो।

पत्रकार दिपेन्द्र श्रेष्ठले मन्त्रालयले आगामी हिउँदे अधिवेशनमा पेश गर्न लागेको सूचनाको हक सम्बन्धी विधेयक उपर गरिएको छलफल कार्यक्रम छलफलमा मात्र केन्द्रीत नरही उठेका जिज्ञासाहरुको सम्बोधन हुने गरी विधेयक आउनुपर्ने बताउनुभयो। कर्मकाण्डी रुपमा मात्र विधेयक ल्याउनुभन्दा पनि सर्वसाधारणको हितबमोजिम ल्याउनुपर्ने आवश्यकतालाई उहाँले औंल्याउनुभएको छ।

गण्डकी प्रदेशका सबै मन्त्रालयका कानून अधिकृत, पत्रकार सम्बद्ध संस्था, स्वास्थ्य, शैक्षिक नीजि क्षेत्रका प्रतिनिधि लगायत अन्य सरोकारवाला निकायहरुको उपस्थिति रहेको कार्यक्रममा मन्त्रालयका उपसचिव हिमालचन्द्र अर्यालले सूचनाको हक प्रचलन गराउने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रारम्भिक मस्यौदाका बारेमा सहजीकरण गर्नुभएको थियो।

# नेपाली जनप्रगतिशिल मञ्च स्पेनद्धारा सहिद स्मृति विद्यालयमा आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा ११ फागुन**

नेकपा माओवादी केन्द्र निकट रहेको नेपाली जनप्रगतिशिल मञ्च स्पेनले पोखराको सहिद स्मृति विद्यालयमा आर्थिक सहयोग गरेको छ।

पोखरा महानगरपालिका वडानं १४ स्थित सहिद स्मृति आवासिय माध्यमिक विद्यालयमा एक कार्यक्रमका बीच नेकपा माओवादी केन्द्रका यु एव गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति दीपक कोइराला र नेपाली जनप्रगतिशिल मञ्च स्पेनका अध्यक्ष विशाल ढुङ्गानाले विद्यालयका प्रधानाध्यापक मोना गिरीलाई संयुक्तरुपमा एक लाख पचास हजार नगद हस्तान्तरण गर्नुभयो। गण्डकी प्रदेशका सांसद एवं कार्यक्रमका प्रमुख अतिथि दीपक कोइरालाले देशबाहिर भएर



पनि सहिद स्मृति विद्यालयलाई सम्झेर आर्थिक सहयोग गरेकोमा जनप्रगतिशिल मञ्च स्पेनप्रति आभार प्रकट गर्नुभयो । उहाँले आर्थिक सहयोगले विद्यालयमा जे आवश्यकता छ त्यसमै लगानी गर्न सहज हुनेपनि जनाउनु भयो। जनप्रगतिशि मञ्चलेगरेको सहयोगबाट अन्यदेशमा रहेका विभिन्न मञ्चहरुलाई पनि सहयोग गर्न उत्प्रेणा थप्ने विश्वास ब्यक्त गर्नुभयो । जनप्रगतिशिल मञ्च स्पेनका अध्यक्ष विशाल ढुङ्गानाले आफुहरुको सहयोग सहि ठाउँमा होस भन्नेउद्देश्यले सहिद स्मृति आवासीय विद्यालयमा आर्थिक सहयोग गरेको बताउनु भयो ।परिवतनको आन्दोलनमा सहिद भएकाको छोराछोरीले अध्ययनगर्ने विद्यालयमा आफुहरुको सहयोगले थोरै भएपनि राहत हुने विश्वास ब्यक्त गर्नु भयो। २०६६ सालमा स्थापना भएको विद्यालयमा कक्षा १२ सम्म पढाइ हुन्छभने अहिलेबाट प्राविधिक शिक्षापनि शुरु भएको छ । विद्यालयका प्रअ मोना गिरीले स्पेनमा रहेरपनि सहिद स्मृति विद्यालयलाई सम्झेर सहयोग गरेकोमा खुशी ब्यक्तगर्दे सहयोग रकमको सहि ठाउँमा प्रयोग हुने बताउनु भयो । विद्यालयमा ३ सय ३० जना विद्याार्थी रहेको जानकारी दिदै उहाँले २ सय ३१ जना विद्यार्थी आवासीय रहेको बताउदै अहिले खानेपानीको लागि युरोगार्ड र तातोपानीको लागि सोलार आवश्यक रहेको बताउनु भयो।

कार्यक्रममा संविधान सभासदस्य एवं विद्यालय ब्यवस्थापन समितिका सदस्य तेज कुमारी पौडेल, नेकपा माओवादी केन्द्र वडानं १४का अध्यक्ष शिवराज कंडेल, विद्यालयका शिक्षक, विद्यार्थीहरुको सहभागिता रहेको थियो।

# कच्चीलाई पक्की सडक बनाउदै चापाकोट

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, ११ फागुन**

चापाकोट नगरपालिका भित्रका कच्ची सडकलाई पक्की बनाउने अभियानमा नगर लागेको छ। कच्ची सडक सञ्जालले सबै वडामा जोडिएको चापाकोट नगरपालिकालाई अब पक्की सडक सञ्जालले जोड्ने तयारीमा नगरपालिका लागेको हो । पाल्पा र तनहुँको सिमानामा रहेको यो नगरपालिका उर्भरभुमीको समेत सम्भावना बोकेको नगरपालिका हो। चापकोट नगरपालिकाको केन्द्र सम्म आउन र जान सबै वडावासीलाई सहज बनाउने उदेश्यले पक्की सडक सगँ जोड्ने क्रम बढ्न थालेको नगर प्रमुख शिवकुमार गिरीले बताए । नागरिकले उत्पादन गरेको बस्तु सहज रुपमा ओसार पसार गर्न सडक एक महत्वपूर्ण अंग भएकाले नगरपालिकाले पक्की सडक बनाउन जोड दिएको उनले बताए। अहिले सम्म चापाकोट नगरभित्र झण्डै १० किलोमिटर पक्की सडक बनिसकेको जानकारी नगर प्रमुख गिरीले दिए । असार मसान्तभित्र सकिने गरी निर्माण हुन लागेको १५ सय मिटर पक्की सडकको शिलन्यास गर्दै नगर प्रमुख गिरीले विगतका संघिय र प्रदेश सरकारले सहयोग गरेको भए अहिले नगरभित्रका सबै सडक पक्की बन्ने दावी गरे । २ करोड ७६ लाखमा निर्माण हुन लागेको कालोपत्रे सडकले दार्सिङ्का जनतालाई चापाकोट केन्द्र पुग्न सजिलो हुने छ।

नगरपालिकाको कृष्णपुरबाट समीभञ्याङ, डोडे हुदै दार्सिङ् जाने सडकलाई कालोपत्रे बनाउन संघिय योजना आयोगको समपुरक अनुदानबाट बन्ने गिरीको भनाई छ। नगरपालिका र संघिय योजना आयोगको सहयोग यो सडकमा रहेको छ उनले भने,'यसबाट चापाकोटका जनता मात्रै होइन हरिनास र बिरुवा गाँउपालिकाका जनता पनि लाभान्वित हुनेछन् ।' नागरिकको आवश्यकता र सहजतामा स्थानीय सरकार सदैव रहनेछ उनले भने। सडककै असुविधाका कारण धेरै नगरवासी तराई तिर झर्ने वा शहर बजारतिर बसाई सर्ने प्रचलनलाई रोक्न नगरपालिकाले कच्ची सडकलाई स्तरोन्नती तर्फ लागेको हो । सडकको सहज पहुँच, शिक्षा स्वास्थ्यको राम्रो सुविधा भएपछि चापाकोट नगरपालिकाबाट बसाई सराईमा समेत कमी आएको चापाकोट एफएमका प्रवन्धक रामप्रसाद भट्टराईले बताए।

पछिल्लो समय नागरिकहरु सुविधा भोगी हुन थाले प्रवन्धक भट्टराईले भने,'स्थानीय सरकार आएपछि चापाकोट नगरवासीले शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि लगायतका क्षेत्रमा स्तरोन्नती भएको छ।' जसले गर्दा बसाई सर्ने रोगको अन्त्य भएको छ उनले भने। नगरवासीलाई चाहिने सबै सुविधा उपलब्ध गराउन स्थानीय सरकार लागेको उनले दावी गरे।

# राप्रपा नेपालको गण्डकी प्रदेश र कास्की जिल्ला कार्यालय स्थापना

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ फागुन**

राप्रपा नेपालको गण्डकी प्रदेशको सम्पर्क कार्यालय स्थापना भएको छ।

पोखराको नयाँबजार स्थित बृहस्पति पेट्रोल पम्पको आडमा कार्यालय स्थापना गरिएको हो । सोही स्थानमा कास्की जिल्लाको सम्पर्क कार्यालय समेत स्थापना गरिएको छ। हिन्दु राष्ट्रलाई मुख्य एजेण्डा बोकेको राप्रपा नेपालले हरेक वडामा राप्रपा नेपाल भन्ने सिद्धान्तलाई अगाडि बढाई कार्यक्रम बढाउन लागेको राप्रपा केन्द्रीय सदस्य तथा स्थानीय निर्वाचन उपसमिति सदस्य शिव कुमार बास्तोलाले जानकारी दिनुभयो। हिन्दु राष्ट्र चाहने सबै कार्यकर्ता तथा शुभचिन्तकहरुलाई यो पार्टीमा आवद्ध हुन समेत आग्रह गर्नुभयो । स्मरण रहोस् कास्कीबाट राप्रपा नेपालका तर्फबाट केन्द्रीय सदस्य शिव कुमार बाँस्तोला र सूर्य बाँस्तोला मनोनियत हुनु भएको छ । थप केन्द्रीय सदस्य पछि मनोनित गरिने बाँस्तोलाले बताउनुभयो।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।




कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वेटमार्डन

## सम्पादकीय

# जसपामा फेरि रडाको

बैकल्पिक राजनीतिक शक्ति बन्ने भन्दै दुई वर्ष अघि गठन भएको जनता समाजवादी पार्टी (जसपा)मा फुटको सँघारमा पुगेको छ । प्रतिनिधि सभा दोस्रो पटक विघटन पछि जसपाको महन्त ठाकुर पक्ष केपी शर्मा ओलीको सरकारमा गएपछि उपेन्द्र यादव र महन्त विभाजित भए । केन्द्रीय कार्यकारिणीमा उपेन्द्रले बहुमत पुऱ्याउन सकेको हुँदा आधिकारिकता पाए । महन्तका लागि अध्यादेशको सहारा लिनुपरेको थियो । मधेस केन्द्रीत दलका नेताहरूको इगोले गर्दा एकताबद्ध भएको पार्टी चिराचिरा भएको छामहन्तले बनाएको लोकतान्त्रिक समाजवादीबाट पनि वृषेशचन्द्र लाल फुटेका छन । उपेन्द्र अध्यक्ष रहेको जसपा पनि विभाजन उन्मुख छ । पछिल्लो समय पार्टीमा बढेको विवाद चुलिएपछि जसपा फुट्को सँघारमा पुगेको हो ।

जसपाका संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराई र पार्टी अध्यक्ष उपेन्द्र यादवबीच जारी मनमुटाब घट्नुका साटो झन्झन् बढिरहेका छन् । नेताहरूलाई मिलाउने भन्दा दुरी बढाउने सकृय छन । अहिले भने विकास अनुदान स्वीकार्ने कि फिर्ता पठाउने तहमा छलफल भएका छन । छलफलमा फरकफरक विचार आउनु स्वभाविक हो । भट्टराई र यादव बीच एमसीसी बारे फरक मत छ । उसोत माओवादीबाट विद्रोह गरेर आएका भट्टराइलाई पछिल्लो समय यादवले माओवादी अध्यक्षसँग बटाएको हिमचिम समेत ठिक लागिरहेको छैन । भट्टराई पक्षधरहरू पार्टी अध्यक्ष यादव राष्ट्रिय मूलधारको राजनीतिमा आइपुग्दा पनि मधेसमा मात्रै सीमित भएकाले पनि पार्टी फुटको सँघारमा पुगेको आरोप लगाउँछन् । त्यस्तै डा.भट्टराईले समावेशी र सामूहिक नेतृत्वको कुरा गर्दा यादवले भने नेतृत्व केन्द्रीकरण गर्न चाहेकाले पनि जसपा फुट्को विकल्प छैन ।

अझ एमसीसीको पक्षमा यादवको मौनताले भट्टराई पक्षधर क्रुद्ध छ । एमसीसी टेबल भएर पास या फेल गर्ने समय आउनै लाग्दासमेत अहिलेसम्म जसपा संसदीय दलको बैठक बस्न सकेको छैन । न त छलफल नै चलेको छ । केन्द्रीय बैठक त दुई वर्षदेखि कराउँदा-कराउँदा गत फागुन १३ गते बल्ल बोलाइएको थियो । आफ्नो अनुकूल छैन भन्ने ठानेर बहस तन्क्याउन विषय बनाएका छन । अध्यक्ष यादव अहिले पाटीमा अल्पमतमा छन् जसकारण पनि उनी हतारमा कुनै बैठक राख्न चाहिरहेका देखिँदैनन् ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शत्रुको भय | कुम्भ | : मन चञ्चल |
| कन्या | : कार्यमा सफलता | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्पर्कनुहोस् ।


# बिहीबारदेखि बागलुङमा 'लखन कप'

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ फागुन**

यहाँ बिहीबारदेखि 'लखन कप' पुरुष/महिला भलिबल प्रतियोगितासहित खेलकुद र सांस्कृतिक कार्यक्रम सुरु हुँदैछ ।

नेपाल मगर युवा सङ्घ जिल्ला समितिले नेपाल मगर सङ्घको ४० औं स्थापना दिवसका अवसरमा ' लखन कप-२०७८' को आयोजना गरेको हो । सङ्घले फागुन १५ लाई 'मगर दिवस'का रूपमा मान्दै आएको छ ।

चार दिनसम्म चल्ने कार्यक्रममा भलिबल, सामूहिक लोकनृत्य, चैँटोफोर,छेलो,कुर्चीदौडलगायतका प्रतियोगिता राखिएको खेलकुद संयोजक किशोर थापाले जानकारी दिनुभयो । पुरुष/महिला भलिबलमा जिल्लाभित्रका खेलाडी समूहले मात्र भाग लिने उहाँको भनाइ छ । खुला वडास्तरीय भलिबलका विजेतालाई रु ८१ हजार १८१ र उपविजेतालाई रु४१ हजार १४१ पुरस्कार राशि राखिएको छ ।

खुला महिला भलिबल प्रतियोगिताका विजेताले रु ३० हजार र उपविजेताले रु १५ हजार नगद पुरस्कार प्राप्त गर्नेछ । विजयी समूहलाई नगदसहित कप, मेडल र प्रमाणपत्र उपलब्ध गराइने संयोजक थापाले बताउनुभयो ।

# गाउँपालिकाद्वारा एम्बुलेन्स सञ्चालन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ११ फागुन**

म्याग्दीको धवलागिरि गाउँपालिकाले एम्बुलेन्स सञ्चालन गर्ने भएको छ । भौगोलिक रूपमा विकट उक्त गाउँपालिकाका बासिन्दालाई सहज र सर्वसुलभ रूपमा उपचार दिलाउन एम्बुलेन्स खरिद गरिएको छ ।

विभिन्न प्रकृया पुरा गरी भारतबाट भन्सार छुटमा एम्बुलेन्स खरिद गरी कार्यविधि बनाएर सञ्चालनको तयारी गरिएको गाउँपालिकाका अध्यक्ष थमसरा पुनले जानकारी दिनुभयो । "बिरामीलाई उपचारका लागि बेनी हुँदै पोखरा पुऱ्याउन यातायातमा मात्रै रु ३० हजारसम्म खर्च हुने गरेको छ", उहाँले भन्नुभयो ।

समयमै सवारीसाधन पाउन मुस्कील हुने गरेको उहाँको भनाइ छ । समयमै र न्यून शुल्क तिरेर पुग्ने वातावरण सिर्जना गर्न एम्बुलेन्स सञ्चालन गर्न लागिएको पुनले बताउनुभयो । गाउँपालिकाले काठमाडौँबाट रु १२ लाखमा एम्बुलेन्स खरिद गरेको जनाएको छ । गाउँपालिकाले दुई वर्ष अघि एम्बुलेन्स खरिदको प्रकृया अघि बढाएको थियो । कार्यपालिका बैठकमार्फत कार्यविधि निर्माण र समिति गठन गरी गाउँपालिकाको मातहतमा रहने गरी एम्बुलेन्स सञ्चालन गरिने बताइएको छ ।

# निर्वाचन केन्द्रित कार्यक्रममा दलहरू

**पोखरापत्र संवाददाता**
**दमौली, ११ फागुन**

जिल्लाका प्रमुख राजनीतिक दलहरूले निर्वाचन केन्द्रित कार्यक्रम सुरु गरेका छन् । आसन्न स्थानीय तहको निर्वाचनलाई लक्षित गरी नेपाली कांग्रेस,नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा एकीकृत समाजवादी लगायतले आ आफ्ना गतिविधि अगाडि बढाएका हुन् ।

काग्रेसले निर्वाचन लक्षित प्रशिक्षण कार्यक्रम सुरु गरेको छ । तनहुँ क्षेत्र नं १ ले केही दिन अगाडि प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । जिल्लाका १० पालिका, क्षेत्र, प्रदेशसभा क्षेत्रमा पनि बैठक, अन्तरक्रिया लगायतका कार्यक्रम सञ्चालन गरिएको जिल्ला सचिव लक्ष्मीभक्त खनालले जानकारी दिनुभयो ।

स्थानीय तहको निर्वाचनलाई ध्यानमा राखेर एमालेले निर्वाचन परिचालन कमिटी गठन गरेको छ । निर्वाचन केन्द्रित कार्यक्रमका लागि कार्यकर्ता परिचालनका लागि सबै पालिकामा जिम्मेवारी तोकिएको एमाले जिल्ला अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो । नेकपा एकीकृत समाजवादीले पनि निर्वाचन केन्द्रित गरी वडा भेलालाई तीव्रता दिइरहेको छ । जिल्ला सचिव श्रीराम कार्कीका अनुसार जिल्लाका सबै पालिकामा वडा कमिटी गठन गरी सङ्गठन विस्तारको अभियानलाई तीव्रता दिइएको छ ।

# तीन वर्षमा चैत्राष्टमी मेला

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ फागुन**

कोभिड-१९ ले दुई वर्षयता मेला, महोत्सव प्रभावित छन् । यहाँको ऐतिहासिक चैत्राष्टमी मेला पनि त्यसबाट अछुतो रहनसकेन । विसं २०७५ पछि रोकिएको मेला यो वर्ष हुने भएको छ । आउँदो चैत २४ देखि २८ गतेसम्म मेला गर्न लागिएको हो ।

पाँच दिनसम्म चल्ने मेलाको तयारी थालिएको आयोजक कालिका भगवती गुठी व्यवस्थापन समितिले जनाएको छ । समितिका अध्यक्ष कुमार खड्काको अध्यक्षतामा मेलाको मूल आयोजक समिति बनेको छ । अध्यक्ष खड्काका अनुसार विगतकाझैँ खेलकूद र मनोरञ्जन क्रियाकलाप मेलामा समेटिनेछन् । मेलाको मुख्य आकर्षणका रूपमा खुला लोकदोहोरी, कालिका कप भलिबल, लोकभजन, परम्परागत छेलो प्रतियोगिता आदि रहने उहाँको भनाइ छ । यसवर्ष प्रतियोगिताको पुरस्कार राशि पनि बढाइएको छ । लोकदोहोरीमा पहिलो हुने समूहले रु तीन लाख, दोस्रोले रु ७५ हजार पुरस्कार पाउनेछ । भलिबलमा पनि लोकदोहोरीकै अनुसार पुरस्कार राखिएको छ । लोकभजन प्रतियोगितामा पहिलो हुने समूहलाई रु दुई लाख, दोस्रोलाई रु एक लाख र तेस्रोलाई रु ५० हजार पुरस्कारको प्रबन्ध गरिएको आयोजकले जनाएको छ । यस्तै परम्परागत छेलो प्रतियोगिताका विजेताले रु ११ हजार १११ र उपविजेताले रु पाँच हजार ५५५ प्राप्त गर्नेछन् ।

वर्सेनि चैत्राष्टमी मेला पारेर हुने यस मेलालाई पर्यटन र व्यापार प्रवर्द्धनका दृष्टिले पनि महत्वका साथ लिइन्छ । मेलामा स्थानीय उत्पादनको बजार लाग्छ । डोका, नाइला, ठेकाठेकी जस्ता मौलिक उत्पादन बेच्न गाउँदेखि व्यापारी मेलामा झर्छन् । हस्तकला र घरेलु सीपबाट बनेका सामग्रीको किनबेच पनि उत्तिकै हुन्छ । मेलामा बालउद्यान, रमाइलो मेलालगायत मनोरञ्जनात्मक गतिविधि पनि सञ्चालन गरिन्छ । मौलिक कला, संस्कृति झल्काउने झाँकी, गीत तथा नृत्य पनि प्रस्तुत हुन्छ । कालिका भगवती मन्दिर परिसरमा हुने मेला अवधिभर दर्शक/भक्तजनको घुइँचो नै लाग्छ । चैत्राष्टमीमा विशेष पूजाआजा हुने भएकाले मन्दिरमा टाढाटाढाबाट दर्शनार्थी आउँछन् । बागलुङ पर्यटन विकास समितिका अध्यक्ष राजु खड्काले चैत्राष्टमी मेला जिल्लाको पहिचान र परम्परासँग जोडिएको बताउनुभयो । खड्काले आफू गुठीको अध्यक्ष हुँदा व्यवस्थित रूपमा मेला सञ्चालनको थिति बसालेको स्मरण गर्नुभयो । त्यसअघि मन्दिर परिसरमा स्वतस्फूर्त रूपमा मेला लाग्थ्यो । पहिलेपहिले तत्कालीन पश्चिमाञ्चल क्षेत्रकै ठूलो मेलाका रूपमा यहाँको चैते दसैं मेलालाई लिने गरिन्थ्यो । केही वर्ष उद्योग वाणिज्य सङ्घले चैत्राष्टमीकै मौकामा बागलुङ महोत्सव पनि आयोजना गऱ्यो । पछि गुठीले सालिन्दा मेला आयोजना गर्न थालेपछि महोत्सव अरु समयमा हुन थालेको हो ।

# लायन्स क्लव अफ चौतारी विद्यालयलाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा ११ फागुन**

लायन्स क्लवअफ पोखरा चौतारीले तनहुँको शुक्ला गण्डकी ४ मा रहेको अमर ज्योति प्राथमीक विद्यालय खैरेनिटार ग्यासिङ्का विद्यार्थीलाई नगद, शैक्षिक सामाग्री, तथा विद्यालय पोसाक हस्तान्तरण गरेको छ ।

सो विद्यालयमा आधारभुत तहदेखि कक्षा ५ सम्म अध्ययन गर्ने २२ जना छात्र, छात्रा रहेका छन । विद्यालयमा ४ शिक्षक र एक जना कार्यालय सहयोगी कार्यरत छन । कार्यरत शिक्षक मध्ये २ जना सरकारी दरबन्दी अन्य निजी स्रोतबाट राखिएकाले विद्यालयलाई आर्थिक कठीनाई भएको व्यवस्थापन समितीका अध्यक्ष बलराम पौडेलले बताउनु भयो । क्लव बाट हस्तान्तरण गरिउको ५० हजार नगद तलव भक्तामा खर्च गरिने विद्यायलका प्रअ कमला राना थापाले बताउनु भयो । शहरको नजिक भएकाले विद्यार्थीको संख्या न्यून रहेको छ ।

कार्यक्रमा लाईन्सडिस्ट्रीक चिफ एडमिनीस्टेटर चण्डीप्रसाद अर्यालले सरकारी विद्यालयमा विद्यार्थीको अभावले सरकारको लगानी बालुवामा पानी भएकाले गुणस्तरीय शिक्षाका लागि जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रमा को चिप एडभाईजर मोहनबाबु खडकाले विद्यार्थी संख्या र शैक्षिक गुस्तरमा जोड दिनु पर्ने बताउनु भयो । संस्थाका अध्यक्ष सरद कुमार सापकोटा, कार्यक्रम संयोजक प्रजापति वास्तोला, चियर प्रसन बुद्धिबहादुर थापा, डिस्टीक सिनियर एडभाईजर तेज बहादुर भट्टराई, सचिव रामचन्द्र अधिकारी, कलस्टर प्रमुख सन्तोष घिमीरे लगाएतले गुणस्तरीय शिक्षाको बारेमा बोल्नु भएको थियो ।

# स्थानीय तह निर्वाचन तयारी तीव्र

**पोखरापत्र संवाददाता**
**दमौली, ११ फागुन**

जिल्ला निर्वाचन कार्यालय तनहुँले आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको तयारी थालेको छ । निर्वाचनको तयारीस्वरुप कार्यालय अहिले मतदाता नामावली अद्यावधिकमा जुटेको छ ।

निर्वाचन घोषणा भएसँगै मतदाता नामावली सङ्कलन स्थगित गरी आन्तरिक तयारीमा लागेको जिल्ला निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिनुभयो । कार्यालयले दुई लाख ४८ हजार ४९३ जनाको नामावली निर्वाचन आयोगमा पठाएको छ । ती मध्ये एक लाख २८ हजार ५४२ महिला र एक लाख १९ हजार ९५१ पुरुष छन् । "मतदाता नामावली अद्यावधिकका लागि निर्वाचन आयोगमा पठाएका छौं, आयोगबाट अद्यावधिक भएर आएपछि अन्तिम नामावली प्रकाशित गर्छौं," उहाँले भन्नुभयो । उहाँका अनुसार विगत एक वर्षको अवधिमा जिल्लामा १७ हजारभन्दा बढी नयाँ मतदाता थपिएका छन् । सर्वसाधारणको सहजताका लागि प्रशासन कार्यालय र निर्वाचन कार्यालयबाट मतदाता नामावली दर्ताको व्यवस्था मिलाइएको थियो ।

नागरिकता वितरणलगत्तै प्रशासन कार्यालयबाटै मतदाता नामावली दर्ता गर्न सक्ने व्यवस्थाले सर्वसाधारणलाई सहज भएको थियो । कार्यालयले यही फागुन १९ गतेभित्र १० वटै स्थानीय तहमा मतदाता नामावली पठाउने तयारी गरेको छ । यसपछि दाबी विरोधको कामलाई अगाडि बढाइनेछ । विवरण सच्याउन, दाबी विरोध गर्न, नामावली हटाउने काम फागुन १९ देखि २३ गतेसम्म सञ्चालन हुनेछ । चैत १३ गतेभित्र अन्तिम नामावली प्रकाशित गर्ने कार्यालयको तयारी छ । स्थानीय तह निर्वाचन २०७४ मा जिल्लामा एक लाख ९४ हजार ४७१ मतदाता रहेकामा प्रतिनिधि/प्रदेशसभा निर्वाचनमा दुई लाख ११ हजार ४४६ मतदाता रहेका थिए ।

मतदाता परिचयपत्र हराएका र नष्ट भएका व्यक्तिलाई जिल्ला निर्वाचन कार्यालयले पुनः मतदाता परिचयपत्र दिने भएको छ । कुनै पनि मतदाता मतदान कार्यबाट वञ्चित नहुन भन्नका लागि कार्यालयले यो व्यवस्था गर्न लागेको हो ।

निर्वाचन अधिकारी ढकालले यसअघि कार्यालयबाट मतदाता परिचयपत्र दिएका तर हाल सो परिचयपत्र हराएको वा नष्ट भएका व्यक्तिले अर्को मतदाता परिचयपत्र दिन सकिने बताउनुभयो । त्यस्ता मतदाताले आगामी फागुन २० गतेभित्र सम्बन्धित वडाको सिफारिस लिएर कार्यालयमा पेस गर्नुपर्ने उहाँले जानकारी दिनुभयो ।

# सुरक्षित आवासको पर्खाइमा तालगाउँका बाढी प्रभावित

**– नवीन लामिछाने**
**मनाङ, ११ फागुन**

गत जेठ ३१ र असारको पहिलो साता मर्स्याङ्दी नदीमा आएको बाढीका कारण घरबारविहीन मनाङका नार्सों गाउँपालिकाको सिरानताल र तालगाउँका विस्थापित नागरिक अझै टेन्ट र टहरामै बस्न बाध्य छन् ।

चिसो मौसम कठ्याङ्ग्रिदै कटाएका बाढी प्रभावितहरू सुरक्षित आवाससहित बस्ती स्थानान्तरणको पर्खाइमा छन् । बाढीका कारण विस्थापित तालगाउँ र सिरानतालका स्थानीयवासी सुरक्षित ठाउँमा घर कहिले बनाउन पाइएला भन्ने चिन्तामा छन् । सुरक्षित आवासको अभावमा उनीहरूले भत्किएका संरचना हटाएर टिनको घरटहरा निर्माण गरी बस्न थालेका मनाङका प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार गत मङ्सिरमा गण्डकी प्रदेश सरकारले दिएको रु दुई लाख र नार्सों गाउँपालिकाको रु एक लाखमार्फत बाढीपीडितले अस्थायी टहरा बनाएर बस्न थालेका हुन् । बाढीपीडितका लागि अबको वर्षायाम अगावै स्थानान्तरण वा सुरक्षित तबरबाट बस्ती बसाल्न सक्ने अवस्था निर्माण भएको प्रजिअ आचार्यले बताउनुभयो । तीन तहको सरकारसँग आग्रह पश्चात् यहाँका स्थानीयवासी सुरक्षित भएको उहाँले बताउनुभयो । गत जेठ ३१ र असार १ गते मर्स्याङ्दी नदीमा आएको बाढीले तालगाउँ र सिरानताल तहसनहस पारेको बस्ती हो । जोखिमयुक्त बस्ती सार्नुपर्ने विज्ञको सुझावपछि सुरक्षित वासस्थानको खोजीमा भौँतारिएका स्थानीयवासीलाई हिउँदभित्रै घर बनाउने पिरलो भएको विस्थापितहरू बताउँछन् । बाढीपहिरा जस्ता प्राकृतिक विपत्तिबाट प्रभावित स्थानीयवासीलाई पुर्खौली थातथलो छोड्नुपर्ने चिन्ता पनि उत्तिकै छ । घर बनाउनकै लागि उनीहरूले सुरक्षित ठाउँ अझै पाउन सकेका छैनन् । जग्गा अभावकै कारण प्रभावितहरूको सुरक्षित आवास निर्माणको प्रक्रिया समेत अघि बढ्न नसकेको उनीहरू बताउँछन् । सिरानतालको सात र तालगाउँको ४३ घरधुरी अन्य सुरक्षित स्थानमा सार्नुपर्ने अवस्था रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । प्रदेश र स्थानीय सरकारले दिएको रकमबाट टहरा बनाउन पनि नपुगेको बाढीपहिरा पीडितको गुनासो छ । रगत पसिना बगाएर बनाइएको घरबारी बगाएपछि गाउँले अलपत्र परेका छन् ।

तालगाउँका बाढी प्रभावित आन्द्रे गुरुङले लामो समयपछि टिनको टहरा बनाएर बस्न पाएकामा खुसी लागेको बताउनुभयो । "ढिलै भए पनि वर्षायाममा ओत लाग्ने ठाउँ बनेको छ । सरकार रहेको आभास भएको छ", उहाँले भन्नुभयो । नदीको किनारमा रहेको तालगाउँ बाढीको धेरै जोखिमपूर्ण क्षेत्र मानिन्छ । सिरानताल क्षेत्रको भौगर्भिक अध्ययनको तयारी थालिएको जिल्ला प्रशासन कार्यालय मनाङले जनाएको छ । भौगर्भिक अध्ययनको नतिजापश्चात् यस क्षेत्रको संरक्षणका लागि थप व्यवस्थापन गर्ने तयारी रहेको प्रजिअ आचार्यले बताउनुभयो ।

अध्ययनपछि उक्त ठाउँमा बस्न मिल्ने वा नमिल्ने विषयको छलफल गरिने उहाँको भनाइ छ । नतिजाका आधारमा अन्य कदम चालिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अध्ययनपछि मात्रै पुनर्वासमा जाने वा यहीँ ठाउँमा बस्ती बसाल्नेबारे निर्क्योल हुनेछ ।" तालगाउँका अधिकांश जग्गाको नापी भएको छैन् । धेरै पहिले यहाँ व्यापारिक सहजताका लागि आएर मानिसहरू बस्न थालेको बताइएको छ । यहाँ आधा जति स्थानीयवासी तालमै बस्न इच्छुक देखिएका छन् । बाढीपहिरापीडित अबको वर्षामा के हुने हो, थाहा छैन भनेर पिरोलिँदै छन् । स्थानीय तहले पनि बाढीबाट विस्थापित नागरिकलाई सुरक्षित ठाउँमा बस्ती स्थानान्तरणको प्रयास गरिरहेको बताए पनि ठोस काम देखिएको छैन ।

वर्षायाम सुरु हुनु अगावै उनीहरूलाई सुरक्षित स्थानमा घर बनाएर स्थानान्तरण गर्न चुनौतीपूर्ण देखिए पनि सफल हुने विश्वास स्थानीय तहको छ । स्थानीयवासीको इच्छा विपरीत अन्यत्र स्थानान्तरण गर्ने कुराको पनि छलफल नभएको होइन । तर स्थानीयवासीको इच्छालाई टार्न नसक्दा उनीहरूले अहिले सोही ठाउँमा टीनको छानो बनाएर बसोबास थालेका छन् । यस क्षेत्रको भौगर्भिक अध्ययनको नतिजा अनुसार मात्र बस्न नमिल्ने भएमा उनीहरूलाई अन्यत्र स्थानान्तरण गर्न सकिने सो गाउँपालिकाले जनाएको छ ।

# आठ वर्षमा बन्दै धवलागिरि अस्पतालको भवन

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ फागुन**

बागलुङको धवलागिरि अस्पताल भवन निर्माण सुरु भएको आठ वर्षपछि सम्पन्न हुन लागेको छ । तीन वर्षमा सक्ने गरी ठेक्का सम्झौता भएको सो भवन आठ वर्षपछि मात्रै सम्पन्न हुन थालेको हो ।

ठेकेदार कम्पनीको लापरवाहीका कारण भवन निर्माणमा ढिलाइ भएको हो । भवन निर्माण समयमै नहुँदा अस्पतालले प्रदान गर्ने सेवा प्रभावित बन्दै आएको थियो । पटक-पटक म्याद थप्दै गरे पनि ठेकेदार कम्पनीले निर्माणमा ढिलाइ गर्दै आएको थियो । अस्पतालको 'सी' ब्लकको रङरोगन, झ्यालढोका जडान, विद्युत् जडानलगायत काम भइरहेको छ । चैतभित्र भवन हस्तान्तरण गरिने अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा शैलेन्द्र विक पोखरेलले जानकारी दिनुभयो । विसं २०७० असारमा तीन वर्षमा निर्माण सक्ने गरी सुरु भएको ४० कोठे भवन तीन पटकसम्म म्याद थप भइसकेको छ । अस्पतालको जग्गा, विद्युत् पोल र कोरोनाको कारण देखाएर निर्माण व्यवसायीले पाँच वर्ष ढिला सम्पन्न गर्न लागेको हो । "अब अस्पताललाई भौतिक संरचनाको अभाव हुँदैन", पोखरेलले भन्नुभयो । जिल्ला अस्पतालबाट ५० शय्याको रुपान्तरण भएपछि भवन निर्माण नसकिँदै २०० शय्यामा स्तरोन्नतिका लागि प्रदेश सरकारले योजना अघि सारेको छ । गण्डकी प्रदेश सरकारले २०० शय्याको अस्पताल बनाउन विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) बनाउँदैछ ।

विसं २०६४ मा अस्पतालको 'ए' ब्लक तथा २०६६ मा 'बी' ब्लक निर्माण गरिएको थियो । 'सी' ब्लकको काम सम्पन्न हुने चरणमा छ । सहरी विकास तथा भवन डिभिजन कार्यालयले २०६४ सालमा भवन निर्माण गर्न 'ए', 'बी' र 'सी' खण्डमा विभाजन गरी छुट्टाछुट्टै मितिमा ठेक्का सम्झौता गरेको थियो । 'ए' ब्लक सम्झौताअनुसार तथा 'बी' ब्लक सम्झौताको १० वर्षमा सम्पन्न भएको थियो । भवन निर्माणको जिम्मा पाएको आशिष-मिलिनियम र भीम ज्योति जेभीका प्रतिनिधि रञ्जित बुढाले 'सी' ब्लकको जगमा कडा चट्टान रहेका कारण निर्माणमा ढिलाइ भएको बताउनुभयो । 'सी' ब्लकको लागत रु १० करोड ६ लाख रहेको छ ।

# वायु ऊर्जा आयोजना अलपत्र

**पोखरापत्र संवाददाता**
**पर्वत, ११ फागुन**

जिल्लाको एक विकट गाउँमा विद्युत्को माग पूरा गर्नका लागि करोडौँको लागतमा बनाइएको वायु ऊर्जा १५ वर्षदेखि अलपत्र बनेको छ ।

महाशिला गाउँपालिका-६ फलामखानीमा सञ्चालित हावाबाट बिजुली निकाल्ने प्रविधि (वायु ऊर्जा) मर्मतसम्भारको अभावमा अलपत्र बनेको हो । विसं २०६० मा स्थापना भई सञ्चालनमा आएको उक्त वायु ऊर्जा समय-समयमा मर्मतसम्भार अभावमा अलपत्र अवस्थामा गुज्रिएको छ । केन्द्रबाट विद्युत् उत्पादन त भएको छैन त्यहाँ जडित सामानसमेत काम नलाग्ने अवस्थामा पुगेपछि स्थानीयवासीले मर्मत गर्न माग गरेका छन् ।

दैनिकजसो बढ्दै गएको विद्युत्को मागलाई पूर्ति गर्नका लागि स्थानीय बासिन्दाले वायु ऊर्जा मर्मतका लागि माग गरेका हन् । विसं २०६३ मा सो केन्द्र नै बन्द भएको थियो । टिटीबिजी नामक संस्थाले रु एक करोडभन्दा बढीको लगानीका वायु ऊर्जा आयोजान निर्माण गरेको थियो । तर संरक्षण र मर्मत हुन नसक्दा सुरु भएको एक वर्षमै बन्द भएपछि अयोजना अहिले अलपत्र अवस्थामा पुगेको स्थानीय शिक्षक गोविन्द विश्वकर्माले बताउनुभयो । केही उपकरण अझै पनि प्रयोग गर्न मिल्ने भएकाले सरकारले ध्यान दिनुपर्ने उहाँको भनाइ छ ।

समुद्री सतहदेखि दुई हजार २०० मिटरको उचाइमा रहेको फलामखानी ढडेनको डाडाँमा अत्यधिक मात्रामा हावा लाग्ने भएकाले उक्त वायु ऊर्जा स्थापना गरिएको थियो । फलामखानी, भँगरालगायतका सयौँ घरधुरीले विद्युत् उपभोग गर्दै आएका थिए । त्यत्तिकैअलपत्रपरेकोआयोजनाको काम अगाडि बढाइदिन सम्बन्धित निकायलाई स्थानीयवासीले आग्रह गरेका छन् । हावाको मापनसमेत गर्न सकिने उक्त डाँडामा आयोजनाको काम पुनः परीक्षण गरी अगाडि बढाउन सकिने जनाइएको छ । उक्त योजनाबाट पुनः विद्युत् उत्पादन गरी गाउँका सबै घरधुरीमा विस्तार गर्नका लागि जिल्ला समन्वय समिति, सम्बन्धित पालिका तथा ऊर्जा मन्त्रालयलगायतसँग माग गरिएको छ । संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रमले तयार पारेको एक प्रतिवेदन अनुसार नेपालमा तीन हजार मेगावाट विद्युत् हावाबाट उत्पादन गर्न सकिन्छ । उक्त आयोजनाबाट करिब १२ किलोवाट बिजुली उत्पादन हुँदै आएको थियो । वायु ऊर्जा आयोजना पुनःनिर्माण गर्न सकेमा फलमखानी करिब ४०० घरधुरी र छिमेकी वडा भँगरा र पाखापानीका बासिन्दासमेत प्रत्यक्ष लाभान्वित हुने स्थानीयवासीको भनाइ छ ।

महाशिला गाउँपालिकाले वायु ऊर्जा आयोजनालाई व्यवस्थापन गर्ने योजना बनाएको छ । यसका बारेमा अध्ययन गरी पुनः सञ्चालन गर्ने वा त्यहाँ भएका उपकरणहरूको व्यवस्थापनबारे निर्णय गरिने गाउँपालिकाका अध्यक्ष राजुप्रसाद पौडेलले बताउनुभयो ।

# दुई बृहत् खानेपानी आयोजना सञ्चालनको तयारी

**पोखरापत्र संवाददाता**
**बेनी, ११ फागुन**

म्याग्दीमा दुई ठूला खानेपानी आयोजना सञ्चालनका लागि तयारी थालिएको छ । सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले जिल्लाको रघुगङ्गा गाउँपालिका र बेनी नगरपालिका क्षेत्रमा खानेपानी आयोजना सञ्चालनको तयारी गरेको हो ।

रघुगङ्गा-२ र ३ मा बृहत् भगवती, पिप्ले खानेपानी आयोजना र बेनी -५, ६, ९, १० का विभिन्न बस्ती, रघुगङ्गा गाउँपालिका-६ पाखापानी र वडा नं ५ झौँलाई लक्षित गरी बृहत् घोप्टेखोला खानेपानी आयोजनाको निर्माण गर्न लागिएको हो । दुवै आयोजनाको डिजाइनको काम सकिएको र विभागबाट स्वीकृत गराएर ठेक्का प्रक्रियामा लैजाने तयारी गरिएको सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना म्याग्दीका इन्जिनियर प्रदीप रेग्मीले जानकारी दिनुभयो । दुवै आयोजनालाई ठेक्का सम्झौता भएको दुई वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य छ । दुवै योजनाको सर्वेको काम सकेर लागत लागत अनुमान तयार गरी विभागमा पठाइएको र स्वीकृत भएर आएपछि आवश्यक प्रक्रिया अगाडि बढाइने कार्यालय प्रमुख कुलप्रसाद पौडेलले बताउनुभयो । उहाँका अनुसार उक्त आयोजनाहरूमा कूल लागतमध्ये ९० प्रतिशत सङ्घीय सरकारको लगानी र १० प्रतिशत उपभोक्ताको जनश्रमदान बराबरको रकम लगानी गर्नुपर्नेछ ।

ठूलो आयोजना भएकाले उपभोक्ताले नगद लगानी गर्न सक्ने अवस्था नदेखिएपछि १० प्रतिशत श्रमदान बापतको रकम नगद नै जम्मा गर्नुपर्ने भएकाले उक्त रकमको सुनिश्चिता स्थानीय तहमार्फत गराउन पहलसमेत सुरु गरिएको आयोजनाले जनाएको छ । घोप्टेखोलाबाट दुई हजार ६५८ र भगवती पिप्ले खानेपानी आयोजनाबाट दुई हजार ४१६ घरधुरी लाभान्वित हुने इन्जिनियर रेग्मीले बताउनुभयो । रघुगङ्गा-७ चिमखोला भएर बग्ने बगरखोलाको मुहान मानिने खालीखोलाबाट भगवतीरपिप्लेकोशिररुइसेडाँडामा रहने मुख्य ट्याङ्कीसम्म पानी ल्याउन ३० किलोमिटर लामो मुख्य पाइपलाइन रहने प्रस्ताव गरिएको छ । यो आयोजना निर्माणका लागि रु ३७ करोड ३७ लाख लागत अनुमान गरिएको छ ।

रघुगङ्गा-६ पाखापानीको करेन्टखोलाको मुहानबाट पाइपलाइनमार्फत ल्याइएको पानीलाई पाखापानीकै शिरमा रहने ट्याङ्कीबाट वितरण पाइपमार्फत पाखापानी र त्यहाँबाट झौँ, पाल्लेखेत, घतान, पुलाचौर हुँदै अर्थुङ्गे क्षेत्रसम्म खानेपानी सुविधा विस्तार गर्ने योजना रहेको छ । यो योजना सम्पन्न गर्न रु ३८ करोड लागत अनुमान गरिएको छ । कार्यालयमार्फत यस वर्ष बेनीबजार खानेपानी गुणस्तर सुधारका लागि रु एक करोड २५ लाख बजेटबाट बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको फिल्टर ट्याङ्की निर्माण सुरु भएको छ । त्यसैगरी बेनीबजारमा बर्खायाममा हुने खानेपानीको पाइपलाइनमा बाढीपहिराको अवरोधका कारण निम्तिने खानेपानीको हाहाकारको समस्या हटाउन वैकल्पिक पानीको व्यवस्थापनका लागि म्याग्दी खोलाबाट पम्पिङको लागिसमेत रु ४० लाख बजेट विनियोजन भएको छ । चालु आर्थिक वर्षमै भुरुङ, दाना गाडपार, घोडेपानी खिवाङ, दरबाङ, राखु भगवती सुधार विस्तार र ज्यामरुकोट ठूलो खोला राताभिर खानेपानीको समेत सर्वेको चरणमा रहेको छ । यस कार्यालयमार्फत अन्नपूर्ण गाउँपालिका-६ घार बृहत् खानेपानीका लागि रु ३० लाख बजेट र वडा नं १ दोबामा १५ लाख बजेटबाट खानेपानी आयोजनाको काम भइरहेको छ ।

# हिमालय माबि मौजाको ५० औं वार्षिकोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा ११ फागुन**

श्री हिमालय मा वि, पोखरा २० मौजा को ५०औं वार्षिकोत्सव, अभिभावक भेला तथा पुरस्कार वितरण कार्यक्रम बुधवार विद्यालय प्राङ्गण मौजा गुफा मा भव्य समारोह का बिच सम्पन्न भयको छ ।

पोखरा महानगरपालिका वडा नं २० का वडा अध्यक्ष सिम बहादुर गुरुङको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन भएको हो । सो अवसरमा आयोजित कार्यक्रममा प्रमुख अतिथि वडा अध्यक्ष गुरुङले विद्यालयको शैक्षिक गुणस्तर विकाश गर्न शिक्षक, विद्यार्थी तथा अभिभावकको महत्वपुर्ण भुमिका रहने बताउनुभयो । उहाँले यो विद्यालयको प्रगतिको लागि शैक्षिक स्तर सुदृढ हुनुपर्ने बताउदै ५०औ वर्षसम्म आईपुग्दा धेरै आरोह अवरोह पार गरिएको जानकारी दिनुभयो ।' आगामी वर्षदेखि दश जोड दुई कक्षा सञ्चालन संगै अग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने तयारी रहेको पनी जानकारी दिनुभयो । उहाँले कोरोना महामारी का कारण यस वर्ष रोकिएको पचासौं स्वर्ण महोत्सव आगामी वर्ष भब्य रुपमा मनाउने जानकारी पनि दिनु भयो ।

कार्यक्रमका विशेष अतिथि मौजा विजयपुर यु के समाजका अध्यक्ष रामकुमार गुरुङले बिदेशमा बसेर पनि आफ्नो विद्यालय को शैक्षिक भौतिक उन्नति मा सबै प्रकारका सहयोग गर्दै आएको बताउँदै यो विद्यालयको शैक्षिक स्तर जसरी पनी सुदृढ हुनुपर्ने तेस्का लागि आँफुहरु विद्यालय को प्रगतिमा जस्तो सुकै सहयोग गर्न सदैव लागि पर्ने प्रतिवद्धता ब्यक्त गर्नु भयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सु.हुम बहादुर गुरुङ को अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक मणिराज परियार ले विद्यालयको वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु भएको थियो ।

कार्यक्रममा शिक्षक महासंघ कास्कीका अध्यक्ष बोधराज पौडेल, शिक्षक अभिभावक संघ का अध्यक्ष काशीराम गुरुङ, बिद्यालय सल्लाहकार समिति का संयोजक तिल बहादुर गुरुङ, अक्षयकोष संस्थापक खिम बहादुर गुरुङ, वडा नं २०का वडा सदस्य भीम प्रसाद बास्तोला, नेकपा एमाले वडानं २० का अध्यक्ष त्रिलोचन गौतम लगायतले शुभकामना मन्तव्य ब्यक्त गर्नु भएको थियो । सो अवसरमा शिक्षक डोलराज रेग्मी र छात्रा आशिका परियार ले स्वागत मन्तव्य राख्नु भएको थियो भने शिक्षिका देवि कुमारी थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा यस वर्ष का उत्कृष्ट विद्यार्थीलाई पुरस्कार वितरण गरिएको थियो भने बिध्यार्थीहरुले बिविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

# दुर्लुङकोटलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउन पहल

**–वासुदेव पौडेल**
**गण्डकी, ११ फागुन**

'देउपुरको जस्तो खेती र पाती बाजुङको ठूलो गाउँ । उराठ लाग्ने दुर्लुङको डाँडा मोहनी लाग्ने पाङ ।' पर्वत र आसपासका क्षेत्रमा विगतमा निकै चर्चामा रहेको यस गीतमा उराठ लाग्ने भनिएको दुर्लुङको डाँडाको पहिचान अहिले भने फेरिएको छ । हिमाली एवं पहाडी दृश्यावलोकनको महत्वपूर्ण गन्तव्यमध्येको हालको कुष्मा नगरपालिका-३ स्थित दुर्लुङमा पछिल्ला वर्षमा भने ठाउँ ठाउँबाट पर्यटक पुग्ने गरेका छन् ।

स्थानीय जागरुकतासँगै यहाँको ऐतिहासिक एवं धार्मिक महत्वको प्रचारप्रसार हुन थालेसँगै विगतको उराठ लाग्ने दुर्लुङ यतिखेर जिल्लाकै मोहोनी लाग्ने गन्तव्यमध्ये एक जस्तै बन्दै गएको छ । धौलागिरिदेखि धौलाशिरि, माछापुच्छ्रे, अन्नपूर्णलगायतका हिमाली दृश्यलाई एक साथ नियाल्न सकिने यो ठाउँ समुद्री सतहबाट एक हजार ४०० मिटर उचाइमा छ । यस ठाउँबाट देखिने म्याग्दी, वाग्लुङ, गुल्मी, कास्की, पाल्पा, स्याङ्जा, पर्वत आदि जिल्लाका पहाडी दृश्यले जो कोहीलाई लोभ्याउने गरेको स्थानीय समाजसेवी एवं दुर्लुङकोट भूमे मन्दिर व्यवस्थापन समितिका सचिव बालकृष्ण शर्माले बताउनुभयो । "नेपालका बाइसे चौबीसे राजाको पालादेखिको इतिहासको साक्षी दुर्लुङकोटलाई धार्मिक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने लक्ष्यका साथ अघि बढिएको छ", उहाँले भन्नुभयो । उहाँका अनुसार दुर्लुङकोटमा मल्लकालीन राजाको दरबार रहेको थियो । दरबारका मानिसलाई सपनामार्फत त्यहाँ भूमेको थान रहेको भन्ने चेष्टा भएसँगै भूमेको थान स्थापना गरिएको जनविश्वास छ । तत्कालीन समयमा दरबार परिसरमा हतियार राख्ने र धार्मिक विधिअनुसार पूजाआजा गर्ने परम्परालाई यहाँका स्थानीयवासीले अझै पनि निरन्तरता दिँदै आएका छन् । दुर्लुङकोटमा हाल रहेको मन्दिर भूकम्पपछि निर्माण गरिएको हो । यसअघि झण्डै ३० वर्षअघि निर्माण गरिएको मन्दिर २०७२ सालको भूकम्पले क्षतिग्रस्त बनाएको थियो । तत्कालीन प्रतिनिधिसभा सदस्य अर्जुन जोशीले सांसद विकास कोषमार्फत गर्नुभएको रु १० लाख सहयोगका साथै महायज्ञबाट उठेको रकममध्येको केही रकमसमेत गरी १७ लाखको आर्थिक सहयोगमा मन्दिर निर्माण गरिएको सचिव शर्माले जानकारी दिनुभयो । यस कोटमा प्रत्येक वर्ष बडादसैं, चैते दसैं, उधौली-उभौली आदिमा विशेष पूजाआजा हुने गरेको मन्दिरका पूजारी कृष्णप्रसाद सुवेदीले जानकारी दिनुभयो । मनले चिताएको पुग्ने शक्तिपीठका रूपमा पर्वतसहित आसपासका जिल्लाबाट दर्शनार्थी आउने गरेको उहाँले बताउनुभयो । मल्लकालीन समयदेखिको सभ्यता बोकेको यो ठाउँ प्रवर्द्धनको पर्खाइमा रहेको बताउँदै पूजारी सुवेदीले यसका लागि स्थानीयवासी, जनप्रतिनिधि तथा सरकार सबैको साथ र सहयोग आवश्यक हुने बताउनुभयो । दुर्लुङकोटको पर्यटन प्रवर्द्धनमा पर्यटन सम्बद्ध सङ्घ संस्थाले चासो दिएका छन् । नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स(नाट्टा) गण्डकी प्रदेशले हालै गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्थामन्त्री मणिभद्र शर्मा कँडेल, नेपाल पर्यटन बोर्ड, पर्यटन सम्बद्ध सङ्घ संस्थाका प्रतिनिधि, सञ्चारकर्मीसहित दुर्लुङकोटको प्रवर्द्धनात्मक भ्रमण सम्पन्न गरेको नाट्टा गण्डकी प्रदेशका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिनुभयो । "दुर्लुङकोटलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिन्छ", उहाँले भन्नुभयो, "स्थानीय जागरुकता बढेमा निजी तथा सरकारी सबै निकायको सामूहिक साथ र सहयोगबाट यसलाई राम्रो पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न सकिने पक्का छ ।" दुर्लुङको राम्रो प्रचारप्रसार गर्न सके यो ठाउँ धार्मिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा स्थापित बन्न सक्ने गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्थामन्त्री मणिभद्र शर्मा कँडेलले बताउनुभयो । पर्यटकीय विकाससँगै यहाँका उत्पादनलाई पनि त्यससँग जोड्न सकिने बताउँदै उहाँले पछिल्ला वर्षमा सदरमुकाम कुश्मा बजारदेखि यातायातको सहज सुविधा भएका कारण पनि त्यसले पर्यटकलाई आकर्षित गर्न थप सहयोग पुग्ने बताउनुभयो ।नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख काशीराज भण्डारीले दुर्लुङकोटलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने बताउँदै यसको प्रवर्द्धनका लागि स्थानीय जागरुकताको आवश्यकता औंल्याउनुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले कोरोना प्रभावित पर्यटनलाई पुर्नउत्थान गर्न आन्तरिक पर्यटनको विकास आवश्यक भएको बताउँदै धार्मिक एवं ऐतिहासिक महत्वकास्थललाई पर्यटनसँग जोड्नु अपरिहार्य भएको बताउनुभयो । कुष्मा नगरपालिकाका प्रमुख रामचन्द्र जोशीले दुर्लङकोटसहित कुष्माका प्रमुख पर्यटकीय गन्तव्यको विकास आफूहरूको प्राथमिकतामा परेको बताउनुहुन्छ । दुर्लुङकोटसँगै यहाँ आसपासका चनौटे गाउँको तामाखानी गुफा, क्यानोनिङ, चनौटे होमस्टे तथा आम्वोट-दुर्लुङ-हलहले-क्याङ-घोरेपानी पदमार्ग आदिको पर्यटन बजारमा प्रचारप्रसार आवश्यक रहेको स्थानीयवासी बताउँछन् ।

दुर्लुङस्थित चनौटे गाउँमा चार वर्ष अघिदेखि होमस्टे सञ्चालनमा आएको र गाउँ नजिकै क्यानोनिङ सञ्चालनमा आएको स्थानीय महिला सुनकुमारी गुरुङले जानकारी दिनुभयो । "यहाँका १० घरमा पर्यटकका लागि खान बस्न सक्ने गरी होमस्टे सञ्चालनमा ल्याइएको छ", उहाँले भन्नुभयो, "कोरोनाका कारण लामो समयसम्म बन्द होमस्टे पुनः सञ्चालनमा ल्याएका छौं ।" होमस्टेमा आउने पर्यटकले स्थानीय प्राङ्गारिक उत्पादनको स्वाद लिन पाउनुका साथै यहाँबाट मह, किबी, सागसब्जी समेत किनेर लैजान सक्ने उहाँले जानकारी दिनुभयो । चनौटे घरवाससहित दुर्लुङकोट आसपासका गन्तव्यलाई पर्यटकीय रूपमा उपयोग गर्न सकेमा यहाँका स्थानीयवासीको आयआर्जनसमेत बढाउन सकिने गाउँ पर्यटन प्रवर्द्धन मञ्च(भिटोफ) गण्डकीप्रदेशकाअध्यक्षउदयसुवेदीले बताउनुभयो ।

# तमानखोलामा 'एक घर एक धारा'

**– नवीन लामिछाने**
**मनाङ, ११ फागुन**

भौगोलिक हिसाबले जिल्लाकै दुर्गम मानिने तमानखोला गाउँपालिकाले पछिल्लो चार वर्षमा एक हजार २०० धारा निर्माण गरेको छ । गाउँपालिकाले पानीको अभाव रहेका गाउँलाई केन्द्रित गरेर बिभिन्न परियोजना सञ्चालनमा ल्याएको हो ।

गाउँपालिकाले अझै एक हजार घरपरिवारका लागि एक घर एक धारा पुर्‍याउन बाँकी छ । तमानखोला -२ को खोलेस्बाङमा पछिल्लोपटक सुरु भएको सबैभन्दा ठूलो खानेपानी आयोजना चलिरहेको छ । खोलेस्बाङ विष्णुमाया घर्तीले पानीको धारा बनाउन आफैँले गिट्टी कुट्ने, ढुङ्गा बोक्ने, खानेपानीको पाइप लाइन खन्ने काममा खटिनुभएको छ । गाउँमा लामो समयदेखि खानेपानीको अभाव थियो । अभाव टार्न उनीहरूले दुई वर्षदेखि खानेपानीको आयोजना निर्माण गर्दैछन् । कोरोना सङ्क्रमण र निषेधाज्ञाले सोचेको बेलामा काम गर्न नपाएर ढिलाइ भएको छ । खोलाखोल्सीको पानी खाँदा बिरामी पर्ने समस्याले उनीहरूले पानीको खोजी गरेका थिए । यो अभियानमा 'गोरखा वेयलफेयर ट्रष्ट' दाताका रूपमा आइपुग्यो ।

यसपछि भने स्थानीयवासीले हौसिएर काम गर्न थालेका छन् । गाउँपालिकासँग समन्वय गरेर काम भइरहेको छ । दुई वर्षअघिदेखि सुरु भएको आयोजना पूरा हुने चरणमा पुगेको छ । "यति दुःख गरियो, अब घरमै खानेपानी पाइन्छ भन्ने आश छ", उहाँले भन्नुभयो, "पानीका कारण बिहानभर खर्चनुपर्दा बालबालिकालाई समयमा विद्यालय पठाउनसमेत सकिएको थिएन, अब सजिलो हुनेभयो ।" आगामी चैतसम्ममा घर-घरमा धारा ल्याउने गरी स्थानीयवासीले काम गरेका हुन् । वर्षात्मा नजिकै पानीका स्रोत पाए पनि हिउँद र सुक्खायाममा बढी समस्या थियो । त्यसैले उनीहरूले पानी खेप्ने सास्ती खेपेका थिए । स्थानीयवासीले खेपेको दुःखबाट दाता खोज्ने क्रममा सस्था भेट्टाएको उपभोक्ता समितिका अध्यक्ष यामबहादुर घर्तीले बताउनुभयो । उहाँले बिद्यालय, सामुदायिक भवनसहित घर-घरमा धारा जडान गरेर उपभोक्तालाई शुद्ध पानी खुवाउन लागेको बताउनुभयो । "विसं २०३३ को आयोजनाबाट पानी खाइरहेका थियौं, ती धारा मेटिएका थिए, मुहान सुकेको थियो, खोल्साखोल्सी धाउन बाध्य थियौं", उहाँले भन्नुभयो, "अहिले त धेरै टाढाबाट पानी ल्याउँदैछौं", उहाँले सिद्दभिर भन्ने स्थानबाट पानी ल्याउन लागेको बताउनुभयो । उक्त स्थान गाउँदेखि झण्डै १० किमी पर छ । रु ६० लाख सस्थाको लगानी भएको आयोजनामा स्थानीयवासीको श्रमदानसमेत गर्दा रु एक करोड बढी लागत लागेको उहाँले जानकारी दिनुभयो । "यो आयोजना सम्पन्न भयो भने कम्तीमा २० वर्षलाई ढुक्क हुन्छ", उहाँले भन्नुभयो, "केही दुःख भए पनि दिगोरूपमा घर-घरमा धारासमेत राखेर आयोजना सम्पन्न गर्दैछौं ।" ढुवानीको समस्या भएकाले स्थानीयवासीले पनि आयोजनामा धेरै लगानी गरेको उहाँले बतउनुभयो । आयोजनाका सामाजिक सुपरीवेक्षक दुर्गा लिम्बूका अनुसार यो आयोजनाबाट १४७ धारा जडान हुनेछन् । तीमध्ये पाँच विद्यालय, आमा समूह, सामुदायिक भवन छन् । तमानखोलाका अध्यक्ष जोकलाल बुढाले तमानगाउँलाई त शुद्ध खानेपानीसहित पूर्ण सरसफाइ गाउँ घोषणाको तयारीमा पुर्‍याइसकेको बताउनुभयो ।